# ६ तपाईँले जे पाउनु हुन्छ सो देखिन्छ भन्ने छैन

*यस अध्यायका मूल पदहरू:* हितोपदेश १४, दानिएल ७:२५, मर्कूस १२:३०,३१, हितोपदेश १५:३, यशैया ५:२०, हितोपदेश १५, मत्ती २०:२६-२८।

*स्मरण गर्नुपर्ने पद:* "अन्तरआत्माले देखेको अनुसार चले ठीक हुन्छ भनेर कतिले सोच्छ, तर अन्तमा त्यसले मृत्युतिर दोऱ्याउँछन्।"-हितोपदेश १४:१२ रूपान्तरित।

पावलले भन्दछन्, "हामी जे देख्छौं धमिलो ऐनाद्वारामात्र देख्छौं।" (१ कोरन्थी १३:१२ रूपान्तरित)। हामी जे देख्छौं थोरैमात्र देख्छौं। हामीले जे देख्छौं वा देख्न चाहन्छौं त्यो हामीहरूको दिमागबाट मात्र जहिले पनि देखिरहेका हुन्छौं। बाहिर जे छ त्यसलाई हामीहरूका आँखा र कानले साँघुरोमात्र देख्छौं वा सुन्छौं। संसार वा हामीहरूले हामीलाई नै धोका दिनसक्छौं वा छल गर्न सक्छौं। हामीहरूको सपना वा कल्पना, सोचबिचार र धारणा तथा तर्कले हामी को हौं भन्ने कुरालाई बँग्याएर  निष्कर्श निकाल्न सक्छन्। हामीले विश्वास गरेका कतिपय कुराहरू अत्यन्त गलत वा खराब पनि हुनसक्छन्। अरूले होस् वा हामी आफूले आफैलाई धोका दिनबाट बच्न हामीले के गर्ने त? हितोपदेशको पुस्तकले केही आधारभूत अर्तिहरू हामीलाई दिएको छ। मूर्खले जस्तो हामीले हामीमाथि विश्वास वा आत्मविश्वासको घमण्डले फुल्नु हुँदैन। बरू परमेश्वरमाथि हामी भरोसा राख्नुपर्छ। हामीहरूको आँखा अगाडि गलत देखिएतापनि वा नराम्रो भएतपानि सबै कुराहरूलाई परमेश्वरले नै सम्हाल्नुहुन्छ भनेर हामी उहाँप्रति विश्वस्त हुनुपर्छ। संक्षेपमा भन्ने हो भने हामी आँखाले देखेको अनुसार होइन तर विश्वासबाट जिउनुपर्छ। किनभने हामीले देखेको कुराले हामीलाई धोका दिन सक्छ। हामी जे देख्छौं सो केवल ठूलो भागको सुक्ष्म भागमात्रै

हो। फेरि त्यो सानो भाग पनि जे देख्छौं सो प्रायजसो बटारिएको हुन्छ।

## १ मूर्खले पाउने क्षणिक तथा नक्कली राहत (हितोपदेश १४)

कसैको कुरा नसुन्ने, आफ्नै ढिपीमा हिँड्ने मूर्ख मानिसको बारेमा हितोपदेश १४ले के बताउँछ? हेर्नुहोस्ः "१ बुद्धिमान् स्त्रीले आफ्नो घर निर्माण गर्छे, तर निर्बुद्धि स्त्रीले आफ्नै हातले आफ्नो घर भत्काउँछे।२ ईमानसँग हिँड्नेले परमप्रभुको भय मान्छ, तर कुटिल मार्गमा हिँड्नेले उहाँलाई तुच्छ ठान्छ। ३ मूर्खको बोलीले आफ्नै पीठमाथि लाठो ल्याउँछ,

तर बुद्धिमान्का ओठले त्यसको सुरक्षा गर्छन्। ४ जहाँ गोरुहरू छैनन्, त्यहाँ भकारी खाली रहन्छ, तर गोरुको बलले प्रशस्त फसल कटनी हुन्छ। ५ साँचो साक्षीले छल गर्दैन, तर झूटो साक्षीले झूटा कुराहरूको ओइरो लाउँछ।

६ खिल्ली उड़ाउने व्यक्तिले बुद्धिको खोजी गर्छ तर पाउँदैन, तर विवेकशील व्यक्तिलाई ज्ञान सजिलैसित आउँछ। ७ मूर्ख मानिसदेखि टाढ़ै बस्, किनभने त्यसका ओठमा ज्ञानको कुरो पाइँदैन। ८ समझदार मानिसको बुद्धिले त्यसलाई सही बाटो दिन्छ, तर मूर्खहरूको मूर्खताचाहिँ धोका हो। ९ पापको क्षतिपूर्ति गर्ने कुरामा मूर्खले खिल्ली उड़ाउँछ, तर ईमानसँग चल्नेहरूका माझमा सद्भाव पाइन्छ। १० मनको तीतोपन मनले नै जान्दछ, र त्यसको आनन्द अरू कसैले भोग गर्न सक्दैन। ११ दुष्टको घर भत्काइनेछ, तर ईमानदारको पालमा फलिफाप हुनेछ। १२ कुनै बाटो मानिसको नजरमा ठीक देखिएला, तर अन्त्यमा त्यसले मृत्युमा पुऱ्याउँछ।

१३ मुखमा हाँसो भए पनि हृदयमा वेदना हुन सक्छ, र हर्षको अन्तचाहिँ शोकमा हुन सक्छ। १४ बेईमानहरूले आफ्नो चालको फल पूरै भोग्नुपर्छ, र भला मानिसलाई आफ्नो कामको प्रतिफल दिइनेछ। १५ बेवकूफ मानिसले जुनसुकै कुरा पत्याउँछ, तर समझदार मानिसले आफ्ना पाइलाहरू सतर्कसाथ चाल्छ। १६ बुद्धिमान् मानिसले परमप्रभुको भय राख्छ र खराबीदेखि टाढ़ै रहन्छ, तर मूर्खचाहिँ गरम मिजासको र

असावधानी हुन्छ। १७ रिसाहा मानिसले मूर्ख कामहरू गर्छ, र धूर्त मानिस घृणित हुन्छ। १८ अज्ञानीले मूर्खता कमाउँछ, तर समझदारहरूले ज्ञानको मुकुट लगाउँछन्। १९ खराब मानिसहरू असल मानिसहरूका सामु र दुष्टहरू धर्मीहरूको ढोका अघि झुक्नुपर्छ। २० आफ्नै छिमेकीहरूबाट समेत गरीबहरू त्यागिन्छन्, तर धनीका त धेरै मित्रहरू हुन्छन्। २१ आफ्नो छिमेकीलाई हेला गर्नेले पाप गर्छ, तर त्यो मानिस धन्य हो, जसले दरिद्रलाई दया गर्छ। २२ के खराब योजना रच्नेहरू बरालिँदैनन् र? तर असल योजना बनाउनेहरूले प्रेम र ईमानदारी प्राप्त गर्छन्। २३ सबै कठोर परिश्रमले लाभ हुन्छ, तर कुरै मात्र गर्नेचाहिँ दरिद्रतामा पुग्छ। २४ बुद्धिमान्को सम्पत्ति तिनीहरूको मुकुट हो, तर मूर्खहरूको मूर्खताले मूर्खता नै उत्पन्न गराउँछ। २५ साँचो साक्षीले जीवन बचाउँछ, तर झूटो साक्षी छली हुन्छ। २६ जसले परमप्रभुको भय मान्छ, त्यसको सुरक्षित किल्ला हुन्छ, र त्यसका छोराछोरीका निम्ति यो एक शरणस्थान हुनेछ। २७ परमप्रभुको भय जीवनको मूल हो, जसद्वारा मानिस मृत्युको पासोहरूबाट उम्कन्छ। २८ प्रजाको ठूलो सङ्ख्याले राजा गौरवान्वित हुन्छ, तर प्रजाविनाको शासक नष्ट हुन्छ। २९ धैर्यवान् मानिसको समझशक्ति अपार हुन्छ, तर गरम मिजासको मानिसले आफ्नो मूर्खता प्रदर्शन गर्छ। ३० शान्त हृदयले शरीरलाई जीवन दिन्छ, तर डाहले हड्डी मकाउँछ। ३१ गरीबलाई थिचोमिचो गर्नेले तिनीहरूका सृष्टिकर्ताप्रति अवहेलना देखाउँछ, तर दरिद्रलाई दया देखाउनेले परमेश्वरको आदर गरेको हुन्छ। ३२ आपत्ति आइपर्दा दुष्टहरूको पतन हुन्छ, तर धर्मीले चाहिँ मृत्युमा समेत आश्रय पाउँछ। ३३ विवेकीको हृदयमा बुद्धिले वास गर्छ, मूर्खहरूका माझमा समेत बुद्धिले आफूलाई प्रकट गराउँछ। ३४ धार्मिकताले देशलाई उचाल्छ, तर पाप गर्नुचाहिँ कुनै पनि जातिको लागि बेइज्जती हो। ३५ राजा बुद्धिमान् दाससँग प्रसन्न रहन्छ, तर लाजमर्दो दासले तिनको क्रोध बेहोर्नुपर्छ।"

मूर्ख मानिसले आफू ठूलो भएर घमन्डि कुरा गर्छन् (हितोपदेश १४:३)। यस अध्यायमा मूर्खको बारेमा परिचय दिँदा उसको अभिमानी बोलीबाट सुरू गरेको पाइन्छ। मूर्खको जीब्रोमा हुने छडी वा अरूलाई छेड्ने कुरा गर्ने मानिसलाई पछि सजायँको आवश्यकता हुन्छ भनेर आभास् दिन्छ। मूर्खका अभिमानी शब्दहरूले आफ्नो ओठलाई फुलाउँछन्। तर बुद्धिमानीका ओठहरू त्यस्ता हुँदैनन् किनभने तिनीहरूलाई सुरक्षित राखिएको हुन्छ (दानिएल ७:८ पनि पढ्नुहोस्)।

ज्ञानबुद्धि तथा अर्तीलाई मूर्खले हँस्सी उडाउँछ (हितोपदेश १४:६-९)। हो, मूर्खले ज्ञान खोजेको जस्तो देखाउँछ। तर यथार्थमा त्यसलाई विश्वास गर्दैन र आफूले पाएको अर्तीज्ञानप्रति सशङ्कित हुन्छ। आफूमात्र ठीक भनेर आफ्नै बुद्धिमा हिँड्ने मानिसले बुद्धि पाउँदैन। तर सबभन्दा भयावह कुरो त यो छ, मूर्खले परमेश्वरको दश आज्ञाको उपहास गर्छ। त्यसलाई मात्र आवश्यक नभएको उसले ठान्दछ। पापको मामिलामा हाँसो उडाउनु जस्तो गम्भिर मनस्थिति अरू के होला?

मूर्खले फटाहा कुरामाथि झट्टै विश्वास गर्छ र उसलाई छकाउन पनि सजिलो हुन्छ (हितोपदेश १४:१५)। अचम्मको कुरो त यो छ, बुद्धि र ज्ञान खोज्ने वा विश्वास गर्नेहरूको मूर्खले ठट्टा गर्छ। तर उसले सुनेको कुरामा सोच्ने सामर्थ्य गुमाएको हुन्छ। कुनै कुराको मूल्याङ्कन नगरि जे सुन्छ उसले हो भनेर विश्वास गर्छ। संसारको समाजको मूल समस्या नै यो छ। शङ्का गर्ने वा नास्तिकहरूले परमेश्वर र धर्मको बारेमा हँस्सी उडाउँछन्। धर्म भन्ने कुरो पुरानो, अनपढ, गरिब र केटाकेटी बुढाबुढीको निम्ति मात्र हो भनेर तिनीहरूले दावीगर्छन्। तर तिनीहरू आफैले कतिपय मूर्ख वा असान्दर्भिक कुराहरूलाई विश्वास गर्छन्। उदाहरणमा विकासबाद सिद्धान्त पनि एक हो। यस संसारमा जीवन अकस्मात आयो रे!

सोचबिचारै बिना मूर्खले प्रायजसो काम गर्छन् (हितोपदेश १४:६,२९)। सबै कुरा जानेको छु, कसैले मलाई सिकाउनुपर्दैन र सत्य कुरो ममा छ भनेर मूर्खले आफू विश्वस्त भएर बोल्छ। आफूले

बोलेको वा गरेको कामले कस्तो नतिजा ल्याउँछ भनेर सोच्दै नसोची तुरन्त बोलीहाल्छ वा काम गरिहाल्छ। उसलाई सोच्ने फुर्सद पनि हुँदैन।

मूर्खले अरूमाथि अधिकार जमाउन खोज्छ (हितोपदेश १४:२१,३१) अधैर्यता र अरूको कुरा सुन्न नचाहने मनस्थिति मूर्खको हुन्छ। मूर्खले अरूप्रति रिस गर्छन् र अरूलाई आदर पनि गर्दैन ( यस सन्दर्भमा दानिएल ७:२५, ८:११,१२ पनि पढ्नुहोस्)।

**अरूको मूर्ख्याइँलाई हेर्न सजिलो छ। तर हामी आफ्नैको बारेमा के भन्ने? तपाईंमा के कमजोरीहरू छन् जुन परमेश्वरको सहयोगले परिवर्तन गर्नु आवश्यक छ?**

## २ बुद्धिमानीको भय वा परमेश्वरमाथि अगाढ श्रद्धाभक्ति (हितोपदेश १४)

**हितोपदेश १४ फेरि पढ्नुहोस् र बुद्धिमानी मानिसको स्वभाव कस्तो हुन्छ भनेर त्यस अध्यायले कसरी वर्णन गरेको छ?**

बुद्धिमान मानिस नम्र स्वभावको हुन्छ र उसको बोली नै नरम तथा नम्र हुन्छ (हितोपदेश १४:३)। बुद्धिमानी मानिसले आफ्नो जिब्रोलाई आफ्नै काबूमा राख्छ। बुद्धिमान मानिसहरूको शान्त स्वभाव र शान्तसँग सोच्ने आदतले गर्दा तिनीहरू धेरै नम्र छन् भनेर देखाउँछ। आफूभन्दा अरू ठीक होला भनेर अरूको बिचार तथा मनतव्यलाई तिनीहरूले आदर गर्छन्। त्यसकारण बुद्धिमानिहरूले जे सुन्छ त्यसको बारेमा ध्यानपूर्वक सोच्न समय दिन्छन् र त्यसलाई जोख्छन् वा मूल्याङ्कन गर्छन्। तिनीहरू बकबक बोल्दैनन् बरू अरूको बिचारलाई चुपचाप सुन्छन्। आफूलाई सबै कुरा थाहा छ भनेर घमण्डले फुल्दैनन् तर साना ठूला सबैबाट सिक्न तिनीहरू तयार हुन्छन्।

बुद्धिमानी मानिसहरूले *ज्ञानलाई सम्मान गर्छन् र अर्ती तथा नयाँ कुराहरू सिक्न जहिले पनि उत्सुक हुन्छन्* (हितोपदेश १४:६,१८)। सिकाउने मानिसको अगाडि बस्न नचाहने वा बस्न गाऱ्हो भएकोले गर्दा मूर्खहरूलाई सिक्न साऱ्हो हुन्छ। तर नम्र भएको कारणले र ज्ञान भनेको सिकिरहने कुरो हो भन्ने सोचाइ भएकोले

बुद्धिमानीहरूलाई सिक्न सजिलो हुन्छ। अर्ती ज्ञानको अनुभव गर्न र त्यसको अभिबृध्दि गर्न बुद्धिमानीहरू जहिले पनि रमाइलो मान्छन्। ज्ञानबुद्धिको खोजिगर्ने कारण किन छ भने आफूसँग नभएको बुद्धि वा ज्ञान सिकेर बुद्धिमान हुन चाहना भएकोले। (ज्ञान अथाह समुद्र जस्तो छ। मानिसले जे सिक्छ वा जे थाहा छ त्यो केवल समुद्रको पानीलाई अञ्जुलीमा राखेको समानमात्र हुन्छ-अनुवादकको विचार)।

*बुद्धिमानी मानिसहरूको चाल बढो होशियार हुन्छ* (हितोपदेश १४:१५)। पाप, अधर्म, अन्याय, अत्याचार र खराब जतातते छ भनेर बुद्धिमानी मानिसहरूले स्वीकार गर्दछन्। त्यसकारण तिनीहरू चनाखो भएर चल्छन्। आफ्नो व्यक्तिगत विवेक वा भावनामा र आफ्नो व्यक्तिगत रायमामात्र भर परेर चल्दैनन्। आफूले सोचेका कुराहरू केलाउँछन् र अरूसँग सरसल्लाह माग्छन्। अरू मानिसहरूले तिनीहरूको बारेमा के भन्छन् त्यसप्रति तिनीहरू जहिले पनि सजग हुन्छन्। खराबबाट असललाई तिनीहरूले निकाल्न सक्षम् भइरहन्छन् (१ थेस्सोलोनिकी ५:२१)।

*बुद्धिमानी मानिसहरू शान्त स्वभावका हुन्छन्* (हितोपदेश १४:२९,३३)। आफू नै ठीक छु भन्ने कुरामा ढिपी नगर्ने भएकोले बुद्धमानी मानिसले झटपट मुख खोल्दैनन्। बरू तिनीहरूले आफ्नो सम्पूर्ण मामिलामा परमेश्वरमाथि भर पर्छन् (हितोपदेश १४:१४)। तिनीहरूमा भएको परमेश्वरमाथिको विश्वासले गर्दा नै तिनीहरूमा चैन भएको अनुभव हुन्छ र तिनीहरू आत्मसंयमी हुन्छन् (यशैया ३०:१५)। परमेश्वरप्रति अगाढ श्रद्धा प्रेम र भक्ति भएकोले नै तिनीहरू विश्वस्त भएर चल्छन् (हितोपदेश १४:२६ डरको अर्थ तर्सिने नभएर श्रद्धा राख्ने हो)।

बुद्धिमानी मानिसहरू *दयालु र अरूप्रति संवेदनशील* हुन्छन् (हितोपदेश १४:२१,३१)। "तिमीहरूले तिमीहरूको परमेश्वरलाई प्रेम गर्नु" र "तिमीहरूको छिमेकीलाई आफू जस्तै प्रेम गर्नु" भन्ने दुई आज्ञाहरू एक आपसमा जोडिएका छन् (मर्कूस १२:३०,३१)। परमेश्वरलाई प्रेम गर्छु वा उहाँको भक्त हुँ भनेर दावी गर्नेले गरिब तथा

निम्नस्तरका मानिसहरूलाई हेर्प्दैनन् वा पाखा लगाउँदैनन्। अरू मानिस तथा गरिब र अभाव भएकाहरूलाई कसरी व्यवहार गरिन्छ त्यसैबाट हामीहरूको विश्वास परमेश्वरमाथि कतिको ठूलो छ भनेर देखाउँछ।

**"हामीमध्ये कतिजनाले विश्वासले भन्दा आँखाले हेरेर चल्छौं सो हामीलाई थाहा छैन। देखेको कुरालाई मात्र विश्वास गर्ने हामीहरूको बानी छ। यदि देखेको कुराहरूमा मात्र भर परेर वा विश्वास गरेर हामी चल्छौं भने परमेश्वरको वचनमा दिएका प्रतिज्ञाहरूको आनन्द हामी लिन सक्दैनौं।"-एलेन जी ह्वाइट, *आवर हाइ कलिङ्ग,* पृ. ८५बाट रूपान्तरित। हेरेर होइन तर विश्वास गरेर हामीहरूको चाल अगाडि बढाउनुपर्छ भनेको अर्थ के हो? त्यो चालमा कसरी हिँड्ने?**

## ३. "परमेश्वरका आँखाहरू" (हितोपदेश १५:३)

**"परमेश्वरका आँखाहरू जततत्तै हुन्छन्। खराब मानिसहरू र असल मानिसहरूका चालहरूलाई उहाँले हेरिरहनुहुन्छ।" (हितोपदेश १५:३ रूपान्तरित)। त्यस पदलाई आत्मसात् गर्दा तपाईंलाई कस्तो हुन्छ र किन?**

जे चर्चा गरिरहेको छ त्यसबाट नयाँ मोड अरूको दुई अध्यायहरूले लिएको पाउँछौं। ती अध्यायहरू परमेश्वरको बारेमा हो। ती भन्दा अघिका अध्याहरूमा भन्दा पछिका दुई अध्यायहरूमा परमेश्वरको बारेमा वढि चर्चा गरिएको पाइन्छ।अगाडिका अध्यायहरूमाभन्दा ती दुई अध्यायहरूमा परमेश्वरको नाउँ वढि लिएको पाउँछौं। हामीलाई परमेश्वरको बारेमा अर्को अचम्मको कुरा भनिएको छः उहाँका नजरहरू जतातत्तै वा सबै कुनाकाप्चाहरूमा हुन्छन् रे (हितोपदेश १५:३)।

परमेश्वर नजिक भएको आभासलाई नै बाइबलको समयमा भएका इस्राएलीहरूले "परमेश्वरको भय" भनेर बताउँछ। त्यही सन्देश भजन ३३:१८मा पनि हामी पाउँछौं "जसले उहाँमाथि भय वा श्रद्धा राख्छ परमेश्वरको आँखा तिनीहरूमाथि हुन्छ।" संसारको अन्त वा संसारको कुनाकाप्चामा पनि परमेश्वरको आँखा पुग्छ भनेर अय्युबले बताउँदछन्। सारा जगत तथा स्वर्गमूनि भइरहेका कुराले उनको

कुरालाई पुष्टि गर्छ (अय्युब २८:२४)। त्यसैकारणले "परमेश्वरको भय मान्नु नै ज्ञानप्राप्ति गर्नु हो।" भनेर अय्युबले व्यक्त गर्दछन् (अय्यूब २८:२८)।

असल के खराब के छ सो हेर्न परमेश्वर कतिको सक्षम् हुनुहुन्छ भनेर हितोपदेशले हामीलाई याद दिलाउँछ। मानिस जहाँ भएपनि उहाँको नजरबाट लुक्न सक्दैन। राजा सोलोमनले पनि यो स्वीकारेका छन् कि सत ज्ञान नै असल र खराबको भेद छुट्याउन सक्ने क्षमता हुनु हो (१ राजो ३:९)। त्यस पदले हामीहरूलाई जहिले पनि असल गर्नुपर्ने कुरालाई सजग गराउँछ र हामीहरू खराब काम वा खराब नियत अनुसार कहिल्यै पनि चल्नु हुँदैन भनेर अठौट लिनुपर्छ। अरू मानिसले देखोस् वा नदेखोस् परमेश्वरले हामीहरूको सबै चाललाई हेरिरहनु हुने भएकोले हामीहरूको चालप्रति हामी सतर्क हुनुपर्छ। खराब काम गरेर हामी भाग्न सक्यौं वा चलाक भएर आफू माथि पर्न सफल भयौं भनेर अभिमान गर्नुको अर्थ हामीले हामीलाई नै मूर्ख बनाउनु हो वा धोका दिनु हो। अन्तमा गएर हामीहरूको सबै कर्तुसको पर्दाफास हुनेछ।

त्यसकारण हामीहरूको प्रत्येक चाल, सोच्ने वा गर्ने चालप्रति अत्यन्त होशियार होऊँ किनभने "परमेश्वरले सृष्टि गर्नुभएको कुराबाट उहाँ कहिल्यै पनि लुकेर बस्नु हुन्न। कुनै कुरा उहाँको सामु छिपिएको हुँदैन। उहाँको नजर प्रत्येक थोकमा छ। हामीले जे गर्छौं त्यसको लेखाजोखा परमेश्वरले लिनुहुनेछ" (हिब्रू ४:१३)।

**देहायका पदहरूले हामीलाई के महत्त्वपूर्ण सन्देश दिन्छ? खराब र असल छुट्याउन सक्दैन भनेर आजका मानिसहरूले दावी गर्छन्। असल र खराबको बारेमा तिनीहरूले व्यक्त गरेको भावना किन गलत छ? त्यस्तो कुरामा विश्वास गर्नु किन खतरा छ? हेर्नुहोसः हितोपदेश १५:३ "परमप्रभुको नजर सर्वत्र रहन्छ,**
**दुष्ट र असल दुवैमाथि उहाँ नजर राख्नुहुन्छ।", यशैया ५:२० "धिक्कार तिनीहरूलाई, जसले खराबलाई असल र असललाई खराब भन्दछन्, जसले अँध्यारोलाई उज्यालो र उज्यालोलाई अँध्यारो मान्दछन्**

अनि तीतोलाई मीठो र मीठोलाई तीतोको निम्ति लिन्छन्।" र हिब्रू ५:१४ " खँदिलो भोजन त परिपक्व मानिसहरूका निम्ति हो। यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्ट्याउन सक्ने भएको हुन्छ।"

## ४. परमेश्वरको आनन्द (हितोपदेश १५)

आनन्द र प्रशन्न हृदय हुनु मानिसको निम्त किन महत्त्वपूर्ण छ? हेर्नुहोस् हितोपदेश १५ "१ नम्र जवाफले क्रोधलाई शान्त पार्छ, तर कठोर वचनले रीस उठाउँछ। २ बुद्धिमान्को जिब्रोले ज्ञानको तारीफ गर्छ, तर मूर्खको मुखले मूर्खताकै ओइरो लाउँछ। ३ परमप्रभुको नजर सर्वत्र रहन्छ, दुष्ट र असल दुवैमाथि उहाँ नजर राख्नुहुन्छ। ४ निको पार्ने जिब्रो जीवनको रूख हो, तर छली जिब्रोले आत्मालाई आघात पुर्‍याउँछ। ५ मूर्खले आफ्नो बाबुको ताड़नालाई लत्याउँछ, तर सुधारलाई ध्यान दिनेले बुद्धिमानी देखाउँछ। ६ धर्मी मानिसको घरमा प्रशस्त धन हुन्छ, तर दुष्ट मानिसको कमाइले दुःख ल्याउँछ। ७ बुद्धिमान्का ओठले ज्ञान फैलाउँछन्, मूर्खहरूको हृदय भने त्यस्तो हुँदैन। ८ दुष्ट मानिसको बलिदान परमप्रभुको दृष्टिमा घृणित हुन्छ, तर ईमानसँग चल्नेको प्रार्थनादेखि उहाँ प्रसन्न हुनुहुन्छ। ९ दुष्ट मानिसको मार्ग परमप्रभुको दृष्टिमा घृणित हुन्छ, तर धार्मिकताको पछि लाग्नेहरूलाई उहाँ प्रेम गर्नुहुन्छ। १० आफ्नो मार्ग त्याग्नेले कठोर ताड़ना भोग्नुपर्छ, जसले सुधारलाई घृणा गर्छ त्यो मर्नेछ। ११ मृत्यु र विनाश परमप्रभुको सामुन्ने खुलस्त छन् भने, मानिसको हृदय झन् कत्ति खुलस्त होला। १२ खिल्ली उड़ाउनेले सुधारलाई निको मान्दैन, त्यसले बुद्धिमान्को सल्लाह लिँदैन। १३ आनन्दित हृदयले अनुहार प्रसन्न पार्छ, तर हृदयको पीरले आत्मालाई आघात पुर्‍याउँछ। १४ विवेकशील हृदयले ज्ञानको खोजी गर्छ, तर मूर्खको मुखले मूर्खता नै रुचाउँछ। १५ थिचोमिचोमा परेकाहरूका अवहेलित जीवन दिनहुँ दुःखको हुन्छ, तर आनन्दित हृदय सधैं सुखी हुन्छ। १६ होहल्लाको साथ प्रशस्तै धन हुनुभन्दा थोरै धनसित परमप्रभुको भय राख्नु उत्तम हो। १७ द्वेषले भरिएको ठाउँमा मोटो बाछो खानुभन्दा प्रेम भएको ठाउँमा सागपातसँग भोजन गर्नु उत्तम

हो। १८ गरम मिजासको मानिसले कलह मच्चाउँछ, तर धैर्यवान् मानिसले झैंझगड़ा शान्त गराउँछ। १९ अल्छेको बाटो काँढ़ैकाँढ़ाले छेकेको हुन्छ, तर ईमानदारको मार्गचाहिँ मूलबाटो हो। २० बुद्धिमानी छोराले बाबुलाई हर्षित तुल्याउँछ, तर मूर्ख मानिसले आफ्नी आमालाई तुच्छ ठान्छ। २१ समझ नभएको मानिस मूर्खतामा प्रसन्न रहन्छ, तर समझशक्ति भएको मानिस सीधै आफ्नो लक्ष्यतिर बढ्छ। २२ परामर्शको कमीले गर्दा योजनाहरू विफल हुन्छन्, तर धेरै परामर्शदाताहरूको कारण तिनीहरू सफल हुन्छन् २३ उचित जवाफ दिन पाउँदा मानिसलाई खुशी लाग्छ, र ठीक समयमा बोलेको वचन कति असल हुन्छ। २४ जीवनको मार्गले बुद्धिमान्लाई उँभोतिर डोऱ्याउँछ, त्यसले उसलाई उँधो पातालतिर जानदेखि जोगाउँछ। २५ परमप्रभुले अहङ्कारी मानिसको घर भत्काइदिनुहुन्छ, तर विधवाको साँधसिमाना उहाँले अखण्ड राख्नुहुन्छ। २६ परमप्रभुले दुष्टका विचारहरूलाई घृणा गर्नुहुन्छ, तर शुद्ध मानिसका विचारहरूमा उहाँ प्रसन्न हुनुहुन्छ। २७ लोभी मानिसले आफ्नो परिवारमा सङ्कष्ट ल्याउँछ, तर जसले घूसलाई घृणा गर्छ त्यो जिउनेछ। २८ धर्मीको हृदयले जवाफ दिन अघि त्यसलाई जोख्दछ, तर दुष्टको मुखले खराबी बकवाद गर्दछ। २९ परमप्रभु दुष्टदेखि टाढ़ै रहनुहुन्छ, तर उहाँले धर्मीको प्रार्थना सुन्नुहुन्छ। ३० हँसिलो चेहराले हृदयलाई हर्षित तुल्याउँछ, र शुभ-समाचारले हड्डीलाई स्वस्थ पार्छ। ३१ जसले जीवन दिने हप्की सुन्छ, त्यसले बुद्धिमान्हरूका माझमा सङ्गत पाउँछ। ३२ अनुशासनलाई बेवास्ता गर्नेले आफैलाई घृणा गर्छ, तर सुधारलाई ध्यान दिनेले समझशक्ति प्राप्त गर्छ। ३३ परमप्रभुको भयले मानिसलाई बुद्धि सिकाउँछ, र आदर पाउन अघि नम्रता आउँछ।"

मानिसले सोचेको जस्तै येशूलाई ग्रहण गर्दा सबै थोक ठीक ठीक हुन्छ भनेर बाइबलले आश्वासन दिँदैन। दु:ख, कष्ट, समस्या, सतावट आदि सहनुपर्ने येशूभक्तको संस्कार नै भनेपनि हुन्छ। येशू ख्रीष्ट आफैले यो स्वीकार गर्नुभयो "प्रत्येक दिन आफ्नो दु:खले भरिएको हुन्छ" (मत्ती ६:३४ रूपान्तरित)। दु:खको दिनमा पनि प्रशन्न चित्त राखेर चल्नु उत्तम हुन्छ भनेर हितोपदेश १५:१५ले बताउँछ। जतिसुकै

भक्तिभावमा हिँड्दा पनि पिडा, कष्ट र अनेकन् समस्याहरूको बाढि हामीमा आउँछ नै। कतिपय समयमा ती आपदहरूलाई हामीले काबूमा राख्न सक्दैनौं। तर समस्याहरू आउँदा त्यसको कसरी सामना गर्ने भन्ने निर्णय त हामीले गर्न सक्छौं।

**हितोपदेश १५:१३,१४ र २३मा प्रशन्न हृदय हुँदा परमेश्वरको त्यसमा के भाग हुन्छ सो देखाइएको छ। हेर्नुहोस् "आनन्दित हृदयले अनुहार प्रसन्न पार्छ, तर हृदयको पीरले आत्मालाई आघात पुऱ्याउँछ। १४ विवेकशील हृदयले ज्ञानको खोजी गर्छ, तर मूर्खको मुखले मूर्खता नै रुचाउँछ।...२३ उचित जवाफ दिन पाउँदा मानिसलाई खुशी लाग्छ, र ठीक समयमा बोलेको वचन कति असल हुन्छ।"**

**दुःख कष्टमा पनि** खुशी हुनुपर्ने कारण के हो बाइबलले स्पष्टसँग बताउँदैन। तर समझशक्ति वा बुझ्ने मनस्थिति भएको मानिसको हृदय प्रशन्न रहन्छ भनेर पद १३ र १४ले सिकाउँदछ। परमेश्वरमा आस्था वा विश्वास हुनेको हृदयमा सच्चा मुक्तिको अनुभूत गर्दछ र क्षणिक संसारमा दुःख झेल्नुपरेपनि त्यो दुःख पार हुन्छ र उत्तम दिनहरू आउँछ भन्ने विश्वस्त भएर आफूलाई सम्हालेर चल्छ। त्यसैकारण परमेश्वरमा विश्वास गर्नु वा आस्था राख्नु मानव जीवनको निम्ति नभै नहुने नीति हो। परमेश्वर र उहाँको प्रेम मनगढन्ते नभएर वास्तविक हो भनेर हामी ढुक्क मान्नु जरुरी छ। त्यसकारण जतिसुकै आपदविपद र कष्ट आएतापनि ज्ञानी, बुद्धिमानी मानिस वा धर्मी हतास निराश हुँदैन। उसले धैर्यतालाई गुमाउँदैन। परमेश्वरको प्रेम तिनीहरूले व्यक्तिगत रूपमै अनुभव गरेको हुनाले तिनीहरू आफ्नो जीवनलाई सम्हालेर बसेको हुन्छ।

हामीले लिने कुराले भन्दा दिने कुराले हामीलाई आनन्द पार्छ भन्ने भावना हितोपदेश १५:२३ले बताउँछ। अरूलाई असल बोली बोल्दा हामीहरूको मनलाई हर्षित तुल्याउँछ। अरूले मिठो बोली बोल्दा हामी मध्ये कसले आनन्दको अनुभव गरेका छैनौं र? बोली अत्यन्त शक्तिशाली औजार हो भनेर हामीले अघि हेऱ्यौं। हाम्रो वचन मानिसलाई जीवन दिने औजार पनि हुन सक्छ र मानिसलाई सत्यानाश गर्ने हतियार

पनि हुनसक्छ। बोलीले अरूलाई धेरै असल गर्छ भने बोल्ने मानिस र सुन्ने मानिसको जीवन कस्तो उत्तम जीवन होला?

**परमेश्वरको प्रेम तपाईंलाई कतिको राम्रोसँग थाहा छ? परमेश्वरको प्रेमलाई तपाईंको हृदयमा सजाउन के गर्नुपर्छ? परमेश्वरको प्रेम वास्तविक हो भनेर तपाईंको जीवनमा अनुभव गर्न सक्षम् हुनुभयो भने तपाईंको जीवन कतिको असल हुने थियो होला, सोच्नुभएको छ?**

## ५. परमेश्वरको प्रभुत्व (हितोपदेश १६:१)

हामी सबै सपना देख्छौं र योजना बनाउँछौं। तर ती योजनाहरू हामीले भनेको जस्तो सधैं हुँदैन। कहिले राम्रो हुन्छ कहिले खराब पनि हुन्छ। मानिसको आत्मनिर्णय र जिम्मेवारीलाई बाइबलले महत्त्व मानेको छ। तर सबै घट्ना चक्र परमेश्वरको काबूमा छ भनेर पनि बाइबलले भन्दछ (हितोपदेश २०:२४, हितोपदेश २१:३१ र दानिएल २ र ७ले उक्त कुराको पुष्टि गर्छ)।

**हितोपदेश १६:१को पदलाई हामीले कसरी बुझ्ने? "हृदयका योजनाहरू मानिसको हो। तर जिब्रोको जवाफ भने परमप्रभुबाट नै आउँछ।"**

हामी योजनाहरू तयार गर्छौं र बनाउँछौं। तर त्यसको कार्यान्वनको अन्तिम निर्णय परमेश्वरमा नै निहित हुन्छ। त्यसको अर्थ हामीहरूका योजना व तयारी बेकारको हुन्छ भनेको होइन। तर विश्वासबाट जिउनुको अर्थ हामीहरूका सबै योजनाहरू परमेश्वरमा सुम्पिनु हो, अनि परमेश्वरले नै ती योजनाहरूसँग काम गर्नुहुन्छ। अनि हामीहरूको योजनालाई निर्देशित गर्ने (हितोपदेश १६:३) र कार्यान्वन गर्ने परमेश्वर नै हुनुहुनेछ (हितोपदेश १६:३१)। त्यसो गर्दा हामीहरूका शत्रुका कामहरू पनि हामीहरूकै हितमा हुनजान्छ (हितोपदेश १६:४,७)।

विशेष गरेर मुश्किल परिस्थितिको सामना गर्नुपर्दा उपरोक्त कुरो बुझ्न त्यति सजिलो छैन। तर तिनीहरूले हामीहरूको मनलाई हलुको पार्न सक्छ र परमेश्वरमा भरोसा राख्न सिकाउँछ। हामीहरूको योजना अत्यन्त गलत साबित भएतापनि र हामीहरूको योजना हामीले सोचेको

भन्दा फरक हुन गएतापनि हामीले परमेश्वरमा भरोसा राख्नुपर्छ। महत्त्वपूर्ण कुरो यो आत्मसात् गर्नुपर्छ कि हामीहरूले सबै थोक परमेश्वरमा समर्पण गर्नुपर्छ। यदि हामीले त्यो गर्न सक्यौं भने जुनसुकै तकलिफको समयमा पनि हामी परमेश्वरको अगुवाईप्रति निश्चित हुन सक्छौं।

**मानव सफलतामा महत्त्वकाँक्षाको भूमिका के छ? हेर्नुहोस् हितोपदेश १६:१८,१९ "सर्बनाशको अघि अभिमान र पतनको अघि घमण्ड आउँछ। १९ आत्मामा नम्र भएर थिचोमिचोको माझमा रहनु अहङ्कारिहरूसित लूटको माल बाँड्नुभन्दा उत्तम हो।"**

अभिमान, शेखी, घमण्ड वा अरूभन्दा आफू ठिक र असल छ भनेर फुल्ने स्वभावको खिलाफमा बाइबलले जहिले पनि चेतावनी दिँदछ। हामी पापी भएको हैशियतले के कुरामा शेखी गर्न सक्छौं र? घमण्ड वा अभिमान गर्नुभन्दा ठूलो पाप परमेश्वरको सामु के छ र? त्यो त पापको जरा हो र सबभन्दा पहिलो पाप नै घमण्डले फुल्नु थियो (इजकिएल २८:१७)। अरू भन्दा आफू ठूलो हुँ वा पवित्र हुँ भन्ने घमण्ड गर्नु पाप हो भनेर येशूले सिकाउनुभएको थियो। अहङ्कारी हुनुभन्दा नम्र हुनु भनेर जहिले पनि येशूले चेलाहरूलाई सिकाउनुभएको थियो (हितोपदेश १६:३३)

**मानव सफलतामा संयोगको भूमिका के छ? हेर्नुहोस् हितोपदेश १६:३३ "पासा खेलेर चिठ्ठा त हालिन्छ। तर त्यसको नतिजा परमेश्वरको निर्णयबाट नै हुन्छ।"**

बाइबलले भाग्यको चलखेललाई ठाउँ दिएको छैन। जब संयोग वा भाग्यले स्थितिलाई नियन्त्रण गर्छ भनेर अरूले तर्क गरेको खण्डमा सबै थोक परमेश्वरकै काबूमा छ भनेर हामी ढुक्क हुनुपर्छ।

**कतिपय समयमा किन यस्तो भयो भनेर हामी बुझ्न कोशिश गर्छौं। कतिपय कुराहरू बुझ्न मुश्किल भएतापनि परमेश्वर र सैतानको बीचमा भएको महान् मतभेदको ज्ञानको माध्यमबाट ती कुराहरू बुझ्न कसरी सहयोग गर्छ?**

**उपसंहारः**

**थप जानकारीः** "परमेश्वरको विधान वा दश आज्ञाहरू अनुसार नचलेपनि फाइदा नै हुन्छ भनेर शैतानले सुरूदेखि नै मानिसहरूलाई घचघचाइ रहेको थियो। मानिसहरूलाई मात्र होइन स्वर्गका दूतहरूलाई समेत उसले धोका दिएको थियो। आदम र हवालाई पाप गर्न उसले उक्साएको थियो। अहिले पनि उसले हुलका हुल मानिसहरूलाई परमेश्वरका आज्ञाहरू नमान्न उक्साइरहेको छ। दश आज्ञाहरू तोडेर बिताउने जीवन वा परमेश्वरको नीतिमा नहिंडने जीवन रमाइलो नै हुन्छ भनेर शैतानले मानिसहरूलाई आकर्षित गरिरहेको छ। तर बिधिको शासनमा नहिंड्ने मानिस अन्त्य मृत्यु हो भनेर हितोपदेश १४:१२ले बताउँछ। पापको फल तितो हुन्छ भन्ने ज्ञान भएको र पापको फन्दामा पर्न लागेको आभास् पाउने बित्तिक्कै त्यसबाट तुरन्तै फर्कने मानिस धन्यको हो (त्यो श्यावासको पात्र हो)।–एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ७२०बाट रूपान्तरित।

"कृतज्ञता र प्रशंसाको मनस्थितलाई मानिसको दिमागमा फरफराउँदै राख्न सकियो भने त्यसले जस्तो मानिसको शरीर र आत्मालाई प्रवर्द्धन वा उत्थान गरिराख्ने तत्व अरू छैन। यो सकारात्मक कर्तब्य हो कि दिग्दारी वा उदासीपना, दिक्क बनाउने सोचबिचार र नकारात्मक भावनाहरूलाई दिमागमा आउन नदिओ्ेस्। सकारात्मक सोचबिचारलाई मनमा खेलाइ राख्ने खुबी हुन् प्रार्थनामय जीवनमा तल्लिन हुनुजस्तो हो। यदि हामीहरू स्वर्गमा परमेश्वर पिताको घरमा लम्किरहेका छौं भने हामी कसरी मलामी गएको जत्था जस्तो, दिग्दार भएर गुनासो नै गुनासोको पोको बोकेर त्यहाँ जाने? ती इसाई भनाउँदाहरू जो जहिले पनि गुनासो वा दुखेसोमात्र पोखाइ राख्छन् तिनीहरू हँशिलो र खुशी आनन्दित हुनुभनेको पाप हो भनेर दावी गर्छन्, ती मानिसहरूले पक्का वा सच्चा येशूप्रतिको आस्थाको स्वाद पाएका हुँदैनन्।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. २५१बाट रूपान्तरित।

## चिन्तनमननः

अ. जीवनको वास्तविकताको बारेमा हामीलाई जे थाहा छ सो सिमितमात्रामा मात्र थाहा छ। त्यसबारे के तपाईँले कहिल्यै सोच्नुभएको छ? वास्तविकता के हो र कतिपय कुराहरू हामीलाई यादै हुँदैन, के त्यसको महसूस गर्नुभएको छ? उदाहरणमा हामीहरूको वरिपरि कति रेडियो तरङ्गहरू (मोबाइल फोनबाट निस्कने तरङ्गहरू, भूउपग्रहका प्रोग्रामहरू र रेडियो प्रोग्रामहरू) अहिले नै हामीहरूको हावाको वरिपरि घुमिरहेका छन् जसलाई हामी न त देख्न सक्छौं, न त सुन्न सक्छौं न त अनुभव नै गर्द सक्छौं। नदेखेका कुराहरू वास्तविक रूपमा त्यहाँ छन् भन्ने कुरालाई बुझ्ने क्रमले गर्दा हामीहरूका ज्ञानेन्द्रिय कति सिमित रहेछन् भनेर बुझाउन कसरी सहयोग गर्छ? त्यसले गर्दा हामीले नदेख्ने अदृष्य थोकहरू वा स्वर्गदूतहरूको अस्तित्व वास्तविक हो भनेर कसरी महसूस गर्ने?

आ. सारा जगत र संसार परमेश्वरको काबूमा रहेतापनि मानिसले गर्ने रोजाइ स्वतन्त्र छ र आत्मनिर्णयको अधिकारले उसलाई सज्जाएको छ भन्ने कुरा बुझ्न किन महत्त्वपूर्ण छ? आत्मनिर्णय वा स्वविवेकको अधिकार र परमेश्वरको प्रभुत्व एक आपसमा बाँझिएको जस्तो देखिन्छ। तर ती दुई धारणाहरूलाई बाइबलले सिकाउँदछ। ती धारणाहरूलाई हामीले कसरी अर्थपूर्ण बनाउने?